नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः- २०७२/०२/२८

## प्रेस विज्ञप्ति

मिति २०७२/०२/२७ गते राती परेको अविरल बर्षातका कारण ताप्लेजुङ जिल्लाको खोक्लिङ, लिवाङ, खाम्लुङ, सान्थाक्रा, थिङलाबु र लिङतेप गाविसका विभिन्न स्थानमा पहिरो गई ठूलो जनधनको क्षति हुन पुगेको छ ।

घटनाको जानकारी प्राप्त हुनासाथ तत्काल घटनास्थल तर्फ हेलीकप्टर पठाई खोज तथा उद्धार कार्य जारी रहेको छ । खोज तथा उद्धार कार्यमा सबै सुरक्षा निकाय एवं स्थानीयवासीहरु जुटी रहेका छन् । खोज तथा उद्धार कार्य निरन्तर जारी रहनेछ ।

प्राप्त पछिल्लो जानकारी अनुसार २१ जना मानिसको मृत्यु भएको , २७ जना मानिसहरु वेपत्ता भएको, ८ जना घाइतेहरुको उद्धार गरी ५ जनाको स्थानीय अस्पतालमा र ३ जनाको वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको विवरण प्राप्त भएको छ ।

यस घटनामा परी मृत्यु हुनु भएका मृतकहरुको आत्माको चिर शान्तिको कामनाका साथै शोक सन्तप्त् परिवारजनमा हार्दिक समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना मन्त्रालय गर्दछ ।

२०७२।०२।२८

(मित्रलाल शर्मा)

उप-सचिव